# जिल्ला समन्वय समिति, दोलखा
# पहिलो बैठक

अध्यक्षताः समन्वय समितिको प्रमुख श्री डबल पाण्डे	मितिः २०७४ साउन २४ गते
स्थानः जिल्ला समन्वय समितिको कार्यालय, दोलखा

<u>उपस्थिति</u>

१. प्रमुखः श्री डवल पाण्डे
२. उपप्रमुखः श्री मनमाया जिरेल
३. सदस्यः श्री आइती तामाङ
४. सदस्यः श्री कमल कुमारी कार्की
५. सदस्यः श्री गीता पोखेल
६. सदस्यः श्री मुरारीराज शिवाकोटी
७. सदस्यः श्री युवराज घतानी
८. सदस्यः श्री विदुर शर्मा
९. सदस्यः श्री जित बहादुर श्रेष्ठ
१०.सचिवः श्री शंकर नेपाल

<u>विशेष आमन्त्रण</u>

१. श्री आनन्द प्रसाद पोखरेल, पूर्व मन्त्री एवम् व्यवस्थापिका संसद सदस्य
२. श्री पशुपति चौलागाई, व्यवस्थापिका संसद सदस्य
३. श्री पार्वत गुरुङ, व्यवस्थापिका संसद सदस्य

<u>पहिलो बैठकको निर्णयहरुः</u>

**निर्णय नं. १:**स्थानीय तहको निर्वाचन २०७४ सम्पन्न गर्न सहयोग गर्ने आम मतदाता, निर्वाचन कार्यमा सम्लग्न कर्मचारी, सुरक्षाकर्मी, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुलई जिल्ला समन्वय समिति, दोलखाको तर्फबाट हार्दिक धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**समृद्ध दोलखा निर्माण गर्नको लागि दोलखा जिल्लाका नगरपालिका, गाउँपालिका, जिल्लामा रहने संघीय र प्रादेशिक सरकारी कार्यालय वीच समन्वय एवम् विकास निर्माण कार्यको अनुगमन गरी सुन्तुलित र दिगो विकासको पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** समृद्ध दोलखा निर्माणका लागि योजनावद्ध विकास गर्न जिल्लाको नौ वटै स्थानीय तह (२ नगरपालिका र ७ गाउँपालिका) सँग समन्वय गरी जिल्ला पार्श्वचित्र (District Profile) तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** तामाकोशी तेस्रो जलविद्युत आयोजना स्वदेशी लगानीमा निर्माण गर्न सम्बन्धित निकायहरुसँग समन्वयात्मक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**छोटो दुरीबाटउत्तर - दक्षिण जोड्ने लामावगर - फलाक सडकको निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायहरुसँग समन्वयात्मक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ६: दोलखा जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुले आ. व. २०७३/७४ मा दोलखा जिल्लामा सञ्चालन गरेका विकास निर्माण कार्यहरुको वार्षिक प्रगति समिक्षा २०७४ भदौ ५ र ६ गते सञ्चालन गर्ने निर्णय गरियो ।